# मतदाता शिक्षा




FWLD

अविभेद र समानताका लागि कार्यरत

YOUTH IN FEDERAL DISCOURSE

१) निर्वाचन भन्नाले नागरिकहरूले आफ्नो प्रतिनिधि छान्ने औपचारिक प्रक्रिया हो। निर्वाचनमा मतदाताले आफ्ना इच्छानुसार उम्मेदवार वा राजनीतिक दललाई मतदान गरेर सरकार र शासनका लागि जिम्मेवार व्यक्ति वा राजनीतिक दललाई छान्दछन्।



२) निर्वाचन मार्फत जनताले सरकारलाई शासन गर्ने अधिकार दिन्छन्, सरकारका काम-कारवाहीको मूल्याङ्कन गर्छन् र आफ्ना प्रतिनिधिहरू चयन गर्छन।

३) मतदान गर्नु भनेको मतदाताको अधिकार र कर्तव्य दुवै हो।

## मतदाताका अधिकार

- मतदान गर्ने अधिकार
- स्वतन्त्र र गोप्य मतदान गर्ने अधिकार
- आफ्नो मत आफैं हाल्ने अधिकार
- एक व्यक्ति-एक मतको अधिकार
- आवश्यक परे सहयोग पाउने अधिकार (अपाङ्गता भएको/अशक्त/ज्येष्ठ, आदि)
- आफ्नो नाममा अरूले मत हाल्न नपाउने अधिकार

## मतदाताका कर्तव्यहरू

- आफ्नो नाम र मतदान केन्द्र पहिल्यै बुझ्ने
- गोपनीयता जोगाउने र अरूको मतमा हस्तक्षेप नगर्ने
- मतदान अधिकृतका निर्देशन पालना गर्ने
- एक पटक मात्र मतदान गर्ने
- मतदान केन्द्रमा शान्ति र मर्यादा कायम राख्ने
- मतदाताको इच्छानुसार मात्र सहयोग गर्ने
- अनियमितता देखे मतदान अधिकृतलाई जानकारी दिने

४) मतदान स्वतन्त्र र गोप्य हुनु पर्दछ।

## स्वतन्त्र मतदान भनेको के हो?

- डर, धम्की वा दवाव बिना
- पैसा, उपहार वा प्रभावमा नपरी
- आफ्नो विचारअनुसार मतदान

## गोप्य मतदान भनेको के हो?

- गोप्य मत कक्षमा छाप लगाउने
- कसैलाई नदेखाउने, कसैको नहेर्ने
- मत कसलाई हालेको खुलाउन बाध्य नहुने

५) अपाङ्गता भएका व्यक्ति, गर्भवती, ज्येष्ठ नागरिक, बिरामी, सुत्केरी, किरियापुत्री, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायतलाई प्राथमिकताका आधारमा मतदान गराइन्छ।

### विशेष अवस्था भएका मतदाताका अधिकारहरु निम्न बमोजिम हुन्छन्:

- समान रुपमा मतदान गर्ने अधिकार
- सहयोग पाउने अधिकार
- गोपनीयता सुरक्षित रहने अधिकार
- सम्मानजनक व्यवहार पाउने अधिकार
- प्राथमिकता सेवा (लाइनमा बस्न नपर्ने)

६) मतदानको दिन पालना गर्नुपर्ने नियमहरू:

- मतदान गर्न निर्वाचन आयोगले तोकेको स्थानमा समयमा पुग्नु पर्दछ।
- मतदाता परिचयपत्र लिएर जानुपर्दछ।
- मतदाता परिचयपत्र हराए वा बिर्सिएको खण्डमा आयोगले तोकेको यी परिचय खुल्ने सरकारी कागजातले (नागरिकता प्रमाणपत्र, जग्गाधनी प्रमाण पुर्जा, सवारी चालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी) पनि मतदान गर्न पाइन्छ।

### प्रवेशका नियमहरू

| प्रवेश गर्दा पालना गर्नुपर्ने अनुशासन (Do's) | प्रवेश गर्दा गर्न नहुने कुरा (Don'ts) |
|---|---|
| √ लाइनमा बस्ने, पालो कुर्ने<br>√ शान्ति कायम गर्ने, होहल्ला नगर्ने<br>√ गोपनियता मान्ने (अरुले कसलाई भोट हाल्यो भनेर सोध्न/दवाव दिनु हुँदैन ।<br>√ मतदान गरेपछि केन्द्र वरिपरि भीड नगरी घर फर्किने | × मोबाइल, क्यामेरा, फोटो खिच्ने सामग्री केन्द्रभित्र लैजान नहुने<br>× हतियार, ज्वलनशील पदार्थ आदि लैजान निषेध<br>× मादक पदार्थ सेवन गरेर नजाने<br>× मतदान केन्द्र वरिपरि प्रचार-प्रसार/ हुलहुज्जत/ उत्सव-जुलुस नगर्ने |

### मदतानका चरणहरु

**चरण १: मतदान केन्द्रमा पालो कुर्नु**

- केन्द्रमा पुगेपछि लाइनमा बस्नुहोस् ।
- धेरै ठाउँमा महिला र पुरुषका लागि अलग लाइन हुन सक्छन् (केन्द्रको व्यस्थाअनुसार)

⯯

**चरण २: परिचय पुष्टि र नामावली जाँच**

- मतदाता परिचयपत्र/आयोगले तोकेको कागात देखाएर नाम जाँच गराउनुहोस् ।

⯯

**चरण ३: औंलामा मसी/चिन्ह लगाइन्छ**

- एउटा व्यक्तिले दोहोर्‍याएर मतदान नगरोस् भनी औंलामा चिह्न लगाइन्छ ।

**चरण ४ : मतपत्र लिनु र हस्ताक्षर जाँच**

**चरण ५ : गोप्य मतदान कक्ष (Secret Booth) भित्र जानु**

**चरण ६ : सही ठाउँमा "स्वस्तिक छाप" लगाउनु**

**चरण ७: मतपत्र राम्ररी मोडेर मतपेटिकामा हाल्नु**

**चरण ८ : केन्द्रबाट शान्त रुपमा बाहिरिनु**

७) सदर हुने गरेर मतदान गर्नु पर्दछ।
नियम अनुसार ठीक तरिकाले छाप लगाउनु पर्दछ।

## मतपत्र बदर हुने अवस्थाहरू:

- मतदान अधिकृतको सही नभएको मतपत्र बदर हुन्छ।
- स्वस्तिक छापको सट्टामा औंठाको छाप वा अन्य कुनै छाप वा सङ्केत लगाएमा
- स्वस्तिक छाप नबुझिने गरी लगाएमा
- कोठाभन्दा बाहिर स्वस्तिक छाप लगाएमा
- स्वस्तिक छाप एकभन्दा बढी निर्वाचन चिन्हमा लगाएमा
- स्वस्तिक छाप दुईवटा निर्वाचन चिन्ह रहेको कोठाको बीच पर्ने गरी लगाएमा
- मतपत्र च्यातिएमा
- चिन्ह भएको कोठाभन्दा बाहिर/घेरा छोएर छाप लगाएमा
- एउटै कोठामा धेरै पटक छाप लगाउने

## मतपत्रमा के के हेर्ने ?

| के हेर्ने ? | किन आवश्यक ? |
|---|---|
| उम्मेदवार/दलको निर्वाचन चिन्ह | चिन्हमै छाप लगाएर मत हालिन्छ । |
| छाप लगाउने बक्स/कोठा | छाप बक्सभित्र परे मात्रै मत गन्न मिल्छ । |
| मतदान अधिकृतको हस्ताक्षर/प्रमाण | आधिकारिक मतपत्र भएको सुनिश्चित गर्न । |

टिप: मतपत्र हातमा पाउँदा मतदान अधिकृतको हस्ताक्षर/प्रमाण छ कि छैन भनेर १ पटक हेरेर मात्र मतदान गर्नका लागि गोप्य कक्षतिर जानुहोस् ।